# ८६ औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं.१. माडी नगरपालिकाको ८५ औं कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो र कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो।

निर्णय नं.२."माडी नगरपालिकाको उपभोक्ता समितिको गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि (पहिलो संशोधन)-२०८३" र "माडी नगरपालिकाको स्वयमसेवक शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि-२०८३" लाई स्वीकृत गर्ने।

निर्णय नं.३. माडी नगरपालिकाको आन्तरिक स्रोतबाट नियुक्त भएका, आन्तरिक स्रोतबाट आंशिक रूपमा पारिश्रमिक व्यहोरिने गरी नियुक्त भएका एवम् पछि नियुक्त हुने सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास शिक्षक ६६ जना, माध्यमिक विद्यालयका लेखापाल ८ जना, विद्यालय सहयोगी कर्मचारी ३३ जना र प्रतिभा शिक्षक २ जना गरी जम्मा १०९ जना जनशक्तिलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने। सो प्रयोजनका लागि नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिक रु. १२,१७०/– (बाह्र हजार एक सय सत्तरी रुपैयाँ) बाट निजहरूको ११ प्रतिशत रकम कट्टी गरी, त्यसमा माडी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को उल्लिखित बजेटबाट खर्च हुने गरी नगरपालिकाका तर्फबाट २० प्रतिशत रकम थप गर्दै कुल ३१ प्रतिशत रकम २०८३ साउन १ गतेदेखि लागू हुने गरी सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने।

निर्णय नं. ४. चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमबमोजिम आन्तरिक श्रोत (नगद) बाट बजेट विनियोजन भएबमोजिम नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ (संशोधन सहित) र शिक्षा नियमावली, २०५९ (संशोधन सहित), माडी नगरपालिका शिक्षा ऐन. २०७७, कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३/०८४ ले निर्देशित गरेका विद्यालय सञ्चालन र शिक्षक व्यवस्थापनका मापदण्डहरूलाई आधार मान्दै देहाय बमोजिमको कार्यक्रमहरु बजेट शीर्षक, दररेट र कार्यान्वयन प्रक्रिया बमोजिम माडी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय/शिक्षकहरुलाई अनुदान एवम् पारिश्रमिक निकासा दिने।

देहाय :

| ब.सि.नं. | बजेट शीर्षक | निकासा हुने रकम र प्रक्रिया |
|---|---|---|
| १५३ | प्रारम्भिक बालविकासका लागि कार्यसम्पादनमा आधारित अनुदान | मापदण्डका आधारमा प्रारम्भिक बाल विकास शिक्षकहरुलाई 'क' र 'ख' श्रेणीका शिक्षकलाई क्रमशः मासिक रु. २,०००।- र रु. १,००० ।- प्रोत्साहन अनुदान विद्यालयमार्फत उपलब्ध गराउने। |
| १५४ | प्रारम्भिक बालविकासका लागि पारिश्रमिक थप अनुदान | संघीय अनुदानमा कार्यरत ६६ जना बालविकास शिक्षकलाई संघीय शसर्तबाट विनियोजित पारिश्रमिकमा नगरपालिकाबाट मासिक रु. ८,५००।- (चाडपर्व खर्च समेत) उपलब्ध गराउने। |
| १५५ | प्रारम्भिक बालविकासका लागि स्वयम्सेवक शिक्षक अनुदान | नगरपालिकातर्फ कार्यरत २७ जना स्वयंसेवक बाल विकास शिक्षकलाई मासिक रु. १५,०००।- (चाडपर्व खर्चसमेत) का दरले निर्वाह खर्च विद्यालयमार्फत उपलब्ध गराउने। |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| १५६ | माध्यमिक तहको विज्ञान विषय सञ्चालन अनुदान | माडी माध्यमिक विद्यालय, माडी-३, बसन्तपुरमा कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनार्थ ३ जना शिक्षकलाई विगतदेखि दिइँदै आएको प्रतिव्यक्ति मासिक रु. ४६,०००।- (चाडपर्व खर्च समेत) उपलब्ध गराउने। |
| १५७ | विद्यार्थीको प्रतिभा प्रस्फुटनका लागि प्रशिक्षक परिचालन | नगरपालिकाबाट खटाइएको २ जना सहायक प्रशिक्षकलाई मासिक रु. ३४,५००।- (चाडपर्व खर्चसमेत) का दरले अनुदान दिने। |
| १५८ | विद्यालय सहयोगी कर्मचारीलाई थप पारिश्रमिक अनुदान | संघीय सरकारबाट प्राप्त भएको रकममा ३३ जना विद्यालय सहयोगी कर्मचारीलाई प्रति व्यक्ति मासिक रु. ७,००० ।- (चाडपर्व खर्चसमेत) का दरले थप विद्यालयमार्फत पारिश्रमिक उपलब्ध गराउने। |
| १५९ | विद्यालयका लेखा सम्बन्धी कर्मचारीहरुका लागि प्रोत्साहन अनुदान | माध्यमिक विद्यालयमा लेखासम्बन्धी कार्य गर्ने ७ जना लेखासम्बन्धी काम गर्ने कर्मचारीलाई प्रतिव्यक्ति रु. ८,५००।– थप विद्यालयमार्फत अनुदान दिने। |
| १६० | सगरमाथा विद्यालय हनुमानझुलाका लागि लेखा कर्मचारी व्यवस्थापन अनुदान | सगरमाथा मा.वि.मा कार्यरत लेखा कर्मचारीलाई मासिक रु. २३,५०० ।- (चाडपर्व खर्चसमेत) का दरले विद्यालयमार्फत अनुदान उपलब्ध गराउने। |
| १६१ | आधारभूत तथा माध्यमिक विद्यालयको प्रअ प्रोत्सहान अनुदान | माध्यमिक तहका प्रधानाध्यापकलाई मासिक रु. ३,०००।-, आधारभूत तह कक्षा (१-८) प्रधानाध्यापकलाई रु. २,०००।- आधारभूत तह कक्षा (१-५) प्रधानाध्यापकलाई रु. १५००।- उपलब्ध गराउने। |
| १८७ | हनुमानझुला, भालुखोला सिरुदमारमा कार्यरत शिक्षकहरुको आवास खर्च | सगरमाथा मा.वि. (हनुमानझुला), दमार राष्ट्रिय आ.वि. (सिरुदमार) र जनजागृति आ.वि. (भालुखोला) मा अन्यत्रबाट विद्यालय रहेको स्थानमा गई भाडामा बस्ने शिक्षकलाई मासिक रु. २,०००।- का दरले आवास खर्च दिने। |
| २०४ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | विद्यालयलाई सञ्चालन तथा व्यवस्थापनबापत संघीय शसर्त अनुदानका अतिरिक्त आधारभूत विद्यालय (कक्षा १-८) प्रतिविद्यालय रु. ३९,०००।-, आधारभूत विद्यालय (कक्षा १-५) प्रतिविद्यालय रु. ३०,०००।- र माध्यमिक विद्यालयलाई प्रतिविद्यालय रु. ५०,००० का दरले अनुदान दिने। |

**निर्णय नं. ५.** ढुङ्गा गिटी बालुवा प्रशोधन केन्द्रमा आवश्यक कच्चा पदार्थ संकलन गर्न अनुमतिका साथै आवश्यक परे भाडामा समेत ट्रिपर तथा ट्याक्टर लिन अनुमति प्रदान गर्ने ।

**निर्णय नं. ६.** माडी न.पा. १ स्थित वाणवा टोल नजिक चितही खोला र रिउ खोलाको पानीले कटान गरी क्षति पुर्याएको क्षेत्रका कार्य गरेको आपतकालिन अस्थायी खोला तटवन्धन कार्यमा नगरस्तरीय विपद् व्यवस्थापन कोषबाट संलग्न बिल भर्पाई अनुसारको श्री अरविन सप्लायर्स लाई रु.१०,४५३।-, श्री नविना किराना एण्ड खाद्यान्न भण्डारलाई रु. १२,५४५।- र बोराको एवम् बाँसको ७३,८००।- भुक्तानी गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत